# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

( नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था )

केन्द्रीय कार्यालय,धादिङ्बेशी,धादिङ


प.सं. २०७९/८०

मिति:२०८०/०१/२४

च.नं. १२१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यू.एन.आइ शान्ति मार्ग भद्रकाली, काठमाडौं ।

**विषय: नवौ बार्षिक साधारण सभाको माइन्युट पेश गरिएको सम्बन्धमा ।**

महोदय,

यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०१/१५ गते शुक्रवार (तदनुसार २८ अप्रिल, २०२३) का दिन धादिङ्ग जिल्लाको धादिङ्गबेसीमा सम्पन्न नवौं वार्षिक साधारण सभाको माइन्युट पेश गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बोधार्थ**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।
२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

भवदीय,

..................

(तारा प्रसाद ढुंगाना)
कम्पनी सचिव

## नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नवौं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु:

## दर्ता नं. ११७१०६/०७०/०७१

### कार्यक्रमको रुपरेखा

### कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको बैधानिकता र साधारण सभा सम्बन्धी भएगरेका काम कारबाही तथा प्रस्ताव सम्बन्धी जानकारी ।
४) सभाको उदघाटन
५) सभा अध्यक्षज्युद्वारा वार्षिक प्रतिवेदन प्रस्तुति ।
६) प्रतिवेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम
७) शेयरधनीहरुवाट आएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९ साल चैत्र १२ गते बसेको सञ्चालक समितिको १४४ औं बैठकले संस्थाको नवौं बार्षिक साधारणसभा मिति २०८०/०१/१५ गते शुक्रबार (तदनुसार २८ अप्रिल २०२३) धादिङ्ग जिल्लाको धादिङ्ग क्रीक रिसोर्ट, धादिङ्गवेशी धादिङ्गमा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूको सभापतित्वमा निम्न मिति, समय तथा स्थानमा उल्लेखित विषयहरू उपर छलफल र निर्णयहरु गरी नवौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. साधारण सभाको मिति, समय र स्थान :-

मिति: २०८०/०१/१५ गते शुक्रबार (तदनुसार २८ अप्रिल, २०२३)
समय: विहान ११:०० बजे
स्थान: धादिङ्ग क्रीक रिसोर्ट, धादिङ्गवेसी, धादिङ्ग ।

## ३. साधारण सभाको सूचना :-

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको नवौं बार्षिक साधारण सभा बारेको सार्वजनिक सूचना मिति २०७९/१२/२० गते र मिति २०७९/१२/२८ को क्रमश: कारोवार राष्ट्रिय दैनिक तथा अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको ठेगानामा साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा संस्थाको आ.व.२०७८/७९ को बार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो ।

## ४. उपस्थिति

### क) सञ्चालक समितिका पदाधिकारीहरु:

१) अध्यक्ष : श्री केशवप्रसाद आचार्य
२) सञ्चालक: श्री रबिन सिजापती
३) सञ्चालक: श्री क्षितिज खड्का
४) सञ्चालक: श्री भाष्कर नरसिंह जोशी
५) सञ्चालक: श्री नरेन्द्र प्रसाद छत्कुली
६) सञ्चालक: श्री राम कुमार तिमिल्सना

### ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव

### ग) शेयरधनीहरुको उपस्थिति

१) स्वयं उपस्थिती ७० जना
२) प्रतिनिधि मार्फत उपस्थिती ९० जना

महाकोपालमान्स लघुवित्त वित्तीय संस्था लिमिटेड धादिङ

## ५. सभामा प्रस्तुत छलफलका विषयहरू :-

### क) सामान्य प्रस्ताव:

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७८/७९ को बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७९/८० को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने ।

### (ख) विशेष प्रस्ताव

१) आ.व. २०७८/७९ को मुनाफावाट हाल कायम चुक्तापूंजी रु.५८,६६,७४,९७३।५० (अक्षरेपी अन्ठाउन्न करोड छैसट्ठी लाख चौहत्तर हजार नौ सय त्रिहत्तर पैसा पचास मात्र) को १५ (पन्ध्र) प्रतिशतले हुन आउने रु.८,८०,०१,२४६।०३ (अक्षरेपी: आठ करोड असी लाख एक हजार दुईसय छयालिस पैसा तीन मात्र) बरावरको बोनश शेयर जारी गरी संस्थाको चुक्तापूँजी रु.६७,४६,७६,२१९।५३ (अक्षरेपी: सतसठ्ठी करोड छयालिस लाख छहत्तर हजार दुई सय उन्नाईस पैसा त्रिपन्न मात्र ) पुऱ्याउने विषेश प्रस्तावलाई पारित गर्ने ।

२) प्रबन्धपत्रको दफा ६ (ख) र दफा (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) र नियम ३२ (१) (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा सोमा थपघट, परिमार्जन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने / गाभिने (मर्जर) सम्बन्धमा गरिएको प्रारम्भिक समझदारीपत्र (MoU) तथा दुवै संस्थाहरुको सम्पत्ति, दायित्व तथा पछिल्लो कारोवारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्नको लागि संयुक्त मर्जर समिति द्वारा नियुक्त लेखापरीक्षक (DDA Auditor) को नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४) यस संस्थाको नियमावलीको नियम २७ (३) मा भएको व्यवस्था बमोजिम संस्थापक सञ्चालकहरुको ४ वर्षको कार्यकाल समाप्त भई निर्वाचन गर्नु पर्ने अवस्था रहेको तथापि यस संस्था र समीट लघुवित्त वित्तीय संस्था लि. वीच मर्जर सम्बन्धी प्रारम्भिक

सम्झौता भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमती समेत प्राप्त गरी सकेको र बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने / गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन सम्बन्धी विनियमावली, २०७३ (पाँचौ संशोधन २०७९ सहित) को विनियम १३ (ढ) मा "यस विनियमावली बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाका सञ्चालकहरुको तोकिएको कार्यकाल समाप्त भई निर्वाचन गर्नुपर्ने अवस्था भएतापनि गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात प्रचलित कानून बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि सञ्चालक पदमा बहाल रहन छुट प्रदान गरिनेछ भन्ने व्यवस्थाको अधिनमा रही यस संस्था र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई पुनः निर्वाचन नभए सम्मको लागि हाल कायम संस्थापक सञ्चालकहरु बहाल रहने विशेष व्यवस्था पारित गर्ने ।

(ग) <u>विविधः</u>

## ६. गणपूरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारीः

लेखापरीक्षकवाट आर्थिक बर्ष २०७८/७९ मा भएको कारोबारको लेखापरीक्षण गराई सो प्रतिवेदनलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७९/१२/०८ मा वित्तीय विवरण प्रकाशन तथा चुक्ता पूंजीको १५ प्रतिशत वोनश शेयर साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गर्नको लागि स्वीकृत भएको छ ।

कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदन बार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार उक्त सम्पूर्ण कार्य पुरा भैसकेको छ ।

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान वमोजिम वार्षिक साधारण सभामा छलफल हुने विषयहरु एवं प्रस्तावहरु सहितको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महाँनुभावहरुको घर ठेगानामा पठाउनुको साथै मिति २०७९/१२/२० गतेको कारोवार राष्ट्रिय दैनिक तथा मिति २०७९/१२/२८ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा नवौं बार्षिक साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराईएको थियो ।

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | ५८,६६,७४९.७४ | ३०,९०,७२०.०० | ३,५७,०३१.० | ३४,४७,७५१.०० | ५८.७६ |
| शेयरधनी संख्या | ३९,६२४ | ७० | ९० | १६० | |

## ७. सभाको कारबाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिवले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ५८.७६ प्रतिशत र शेयरधनीको स्वयंम् उपस्थिति ७० जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराउनुभयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै संस्थाको भाबी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

## ८.सभा अध्यक्षको आसन ग्रहण :-

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता ग्रहण गर्नुपर्ने प्रावधान भए अनुरुप यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटडेका सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

## ९. उद्घाटन तथा ब्याच वितरण:-

आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगायर स्वागत गर्नुका साथै सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी नवौं बार्षिक साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

१०. **नवौं बार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-**

सभाध्यक्षज्यूले सभा समक्ष प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन शेयरधनीहरुको हात हातमा परि सकेकोले उक्त प्रतिवेदन आफुले पुनरवाचन नगरी सो प्रतिवेदनमा कुनै जिज्ञासा, सुझाव, कैफियत भए सो को सहर्ष ग्रहण गरी जवाफ दिने व्यहोरा जानकारी गराउँदै संक्षिप्तमा हाल लघुवित्त क्षेत्रमा देखा परेको चुनौती, अवसर, संस्थाको व्यवसाय विस्तारको अवस्था, संस्थाको हाल सम्मको प्रगति तथा भावी रणनीति आदि विषयहरु समेटीएको संस्थाको आ.व २०७८/७९ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मन्तव्यको क्रममा उहाँले संस्थाले व्यवसायिक उद्देश्य प्राप्तिका साथ साथै सामाजिक उत्तरदायित्व समेत वहन गर्नको लागि विभिन्न सामाजिक कार्यहरु समेत सम्पन्न गरेको बारे चर्चा गर्नु भयो । त्यसैगरी संस्थाले आउँदा दिनहरुमा प्रभावकारी रुपमा सेवा प्रवाह गर्नका निमित्त आधुनिक प्रविधीको अधिकतम प्रयोग गरी गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने तर्फ थप ध्यान पुर्‍याउने बारे जानकारी गराउनु भयो ।

अन्त्यमा, वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो ।

११. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

सभाध्यक्षज्यू द्वारा प्रस्तुत गरिएको आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन तथा शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको आ.व.२०७८/७९ को वित्तीय विवरणमा कुनै प्रतिकृया, राय, सुझाव तथा जिज्ञासा भए राख्नको लागि शेयरधनी महानुभावहरुलाइ अनुरोध गरिएकोमा देहाय बमोजिम ९ जना शेयरधनी महानुभावहरुले राय, सुझाव सहित आफ्नो मन्तब्य राख्नुभएको थियो ।

१) **श्री कृष्ण प्रसाद अधिकारी:**

सर्वप्रथम नवौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै साधारण सभामा सहभागि हुन आउँदा यातायातको ब्यवस्था गर्नुपर्ने भन्दै संस्थाले उपलब्ध गराएको वित्तीय विवरणमा बाह्य लेखापरीक्षकद्वारा तयार गरिएको आर्थिक प्रतिवेदनमा प्रयोग गरिएको भाषा अग्रेजी भएकोले विस्तृत रुपमा बुझ्न कठिन भएको हुँदा आगामि दिनमा उक्त प्रतिवेदन नेपाली भाषामै तयार गरी प्रश्तुत गर्ने ब्यवस्था मिलाउनको लागि ब्यवस्थापनलाई सुझाव गर्नुभयो । साथै प्रतिवेदनमा उल्लेख गरिएको शेयरधनीहरुको विवरणमा समूह समेत खुलाई हितग्राही खाता नम्बर समेत उल्लेख गर्न अनुरोध गर्नुभयो ।

२) **श्री शिव प्रसाद पौडेल:**

नवौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै सभामा देखिएको उपस्थिति विशेषगरी महिलाहरुको उपस्थितिबाट आफु ज्यादै प्रभावित भएको बताउनु भयो । संस्थाको आर्थिक अवस्था राम्रो हुँदाहुदै पनि संस्थाले आ.व. २०७८/ ७९ को मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई वितरण गर्नको लागि प्रस्ताव गरेको लाभाँश नेपाल राष्ट्र बैंकले घटाई १५ प्रतिशत मात्र वितरण गर्न स्वीकृति दिएको तर्फ इङ्गित गर्दै नेपाल राष्ट्र बैंकलाइ त्यसो नगर्न अनुरोध गर्नुभयो । साथै, संस्थाले आगामि दिनमा बार्षिक साधारण सभा समयमै सम्पन्न गर्ने व्यवस्था मिलाउनको लागि सञ्चालक समिति तथा व्यवस्थापन लाई अनुरोध गर्नुभयो ।

३) **श्री चन्द्र नारायण श्रेष्ठ:**

हाल लघुवित्त क्षेत्रमा देखा परेका समस्याहरुले गर्दा विभिन्न लघुवित्त संस्थाहरुमा गंभिर संकट आइरहेकोले यस वित्तीय संस्थाले पनि त्यसतर्फ सचेत रहदै त्यस्ता समस्याहरु आउन नदिनको लागि अहिलेबाटै सजग भइ काम गर्नुपर्ने बताउनु भयो । साथै, संस्थाले समीट लघुवित्त वित्तीय संस्था लिमिटेडसंग मर्जर गर्ने सम्बन्धी समझदारीपत्र (MoU) मा हस्ताक्षर गरी मर्जर सम्बन्धी कार्य अगाडि बढाएको जानकारी पाँउदा खुशी लागेको बताउदै मर्जर सम्बन्धमा कायम गरिएको शेयर स्वाप अनुपात बारे समेत जानकारी गराउनको लागि अनुरोध गर्नुभयो ।

४) **श्री डम्वरु बल्लभ घिमिरे:**

नवौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै सभामा महिलाहरुको उपस्थिति देखेर ज्यादै खुशी लागेको बताउनु भयो । साथै, प्रायजसो सवै संस्थाहरुले साधारण सभा सुरु हुने समय ठीक ११:०० बजे नै राख्ने गरेकोमा टाढाबाट आउनुपर्ने शेयरधनीहरु तोकिएको समयमा उपस्थित हुन नसक्ने भएकोले संस्थाले आगामी दिनमा सभा सुरु हुने समय तोक्दा विचार गर्नुपर्ने बताउनु भयो ।

५) **डा.श्री सुमित्रा मानन्धर (गुरुङ्ग)** :

नवौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै संस्थाले छोटो समयमा विभिन्न सूचकहरुतर्फ राम्रो प्रगति गरेकोमा खुशी लागेको तर यस वित्तीय संस्थामा आवद्ध सदस्यहरु मध्ये कतिजना महिला दिदी बहिनीहरु उद्यमी व्यावसायी बने वा कतिजनाको आम्दानीको स्तरमा सुधार ल्याउन सकियो भन्ने प्रकारको डाटा प्रतिवेदनमा उल्लेख नगरिएकोले संस्थाले आगामि दिनमा त्यस तर्फ समेत ध्यान दिनुपर्ने बताउनु भयो । त्यसैगरी, बिभिन्न

जिल्लाहरुको सम्भाव्यता अध्यन गरी सो क्षेत्रका ग्राहक सदस्य महिलाहरुलाई विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गरी उनीहरुलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिनुपर्ने बताउनु भयो ।

६) **श्री प्रकाश भुसाल :**
संस्थाले छोटो समयमा राम्रो प्रगति गरेकोमा खुशी लागेको बताउँदै आगामी दिनहरुमा पनि सधै प्रगति हुदै जावस भन्ने शुभकामना प्रदान गर्नुभयो । त्यसैगरी, संस्थाको सञ्चालक समितिमा महिलाको उपस्थिति नहुनुको कारण बारे जिज्ञासा राख्दै लेखापरीक्षकद्वारा तयार गरिएको आ.व.२०७८/७९ को वित्तीय विवरणमा संस्थाको स्थीर सम्पत्तिको मूल्य घटेको प्रति चासो राख्नुभयो । विगतमा साविकको महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाको आफ्नै भवन बनाउने योजना रहेकोमा हाल उक्त योजनाको कार्यान्वयनको अवस्था बारे समेत जिज्ञासा राख्नुभयो ।

७) **श्री शान्ता लक्ष्मी श्रेष्ठ** :
देशको खराव आर्थिक अवस्थाका बावजुद पनि संस्थाले राम्रो प्रगति हासिल गर्न सफल भएकोमा संस्थालाई हार्दिक बधाई दिनुहुँदै अझै राम्रो हुनको लागि संस्थाले महिला शसक्तिकरणको माध्यमबाट उनिहरुलाई उद्यमी बनाउन तर्फ लाग्न पर्ने बताउनु भयो । साथै, समानुपातिक समावेशीताको आधारमा संस्थाको सञ्चालक समिति तथा कर्मचारीहरुमा समेत महिलाहरुको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने बताउदै आगामी दिनमा संस्थाले तयार गर्ने बार्षिक प्रतिवेदनमा विभिन्न समूहहरुको समानूपातिक प्रतिनिधित्व झल्किने तथ्याङ्क (डाटा) समेत राख्नको लागि अनुरोध गर्नुभयो ।

८) **श्री दीपक प्रधान :**
नवौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै आउँदा दिनहरुमा संस्थाले बार्षिक साधारण सभा सवैको पायक पर्ने ठाँउ (काठमाडौ) मा गर्नुपर्ने र साधारण सभा पौष मसान्त भित्रै सम्पन्न गर्नुपर्ने बताउनु भयो ।

९) **श्री संगिता लामा :**
संस्थाको हरेक तह (सञ्चालक समिति तथा कर्मचारी नियुक्ति) मा समेत ३३ प्रतिशत महिलाहरुको प्रतिनिधित्व हुनेगरी समानुपातिक सहभागिता लागु गर्नुपर्ने सुझाव दिनुभयो ।

## १२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यू र वहाँको आज्ञाले सञ्चालक श्री रबिन सिजापतिज्यू, सञ्चालक श्री नरेन्द्र प्रसाद छत्कुलीज्यू तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमशः जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च सम्मानका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्तावहरु उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमशः प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

**क) सामान्य प्रस्तावः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७८/७९ को बार्षिक प्रतिबेदन उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७९/८० को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा हालका बाह्य लेखापरीक्षक श्री के.ए.एस.एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टसलाईको ३ आ.व.बर्ष पुरा भइ सकेकोले कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम कम्पनीको लेखापरीक्षण गर्न एउटै लेखापरीक्षक लगातार तीन पटक भन्दा बढी नियुक्त गर्न नसकिने व्यवस्था बमोजम संस्थाको लेखापरीक्षण समितिद्वारा नियुक्तिको लागि सिफारिस भइ आएका श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चाटर्ड एकाउन्टेण्टस्लाई Statutory Audit, Tax Audit, Long form Audit, Certification under Section 78 प्रमाणित बापतको कर सहित

पारिश्रमिक एकमुष्ट रु.४,००,०००/(अक्षरेपी: चार लाख मात्र) भुक्तानि दिनुका साथै लेखापरीक्षणको क्रममा शाखा तथा केन्द्रीय कार्यालय आँउदा जाँदा लाग्ने यातायात तथा खाने बस्ने खर्च बिलको आधारमा भुक्तानी गर्ने गरी बाह्य लेखा परीक्षकको रुपमा नियुक्त गर्ने प्रस्तावलाई सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

१) आ.व. २०७८/७९ को मुनाफावाट हाल कायम चुक्तापूंजी रु.५८,६६,७४,९७३।५० (अक्षरेपी: अन्ठाउन्न करोड छैसट्टी लाख चौहत्तर हजार नौ सय त्रिहत्तर पैसा पचास मात्र) को १५ (पन्ध्र) प्रतिशतले हुन आउने रु.८,८०,०१,२४६।०३ (अक्षरेपी: आठ करोड असी लाख एक हजार दुईसय छयालिस पैसा तीन मात्र) बरावरको बोनश शेयर जारी गरी संस्थाको चुक्तापूँजी रु.६७,४६,७६,२१९।५३ (अक्षरेपी: सतसट्ठी करोड छयालिस लाख छहत्तर हजार दुई सय उन्नाईस पैसा त्रिपन्न मात्र ) पुर्‍याउने विषेश प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२) प्रबन्धपत्रको दफा ६ (ख) र दफा (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) र नियम ३२ (१) (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा सोमा थपघट, परिमार्जन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने / गाभिने (मर्जर) सम्बन्धमा गरिएको प्रारम्भिक समझदारीपत्र (MoU) तथा दुवै संस्थाहरुको सम्पत्ति, दायित्व तथा पछिल्लो कारोवारको मूल्याङ्कन (Due Diligence Audit-DDA) गर्नको लागि संयुक्त मर्जर समितिद्वारा नियुक्त लेखापरीक्षक (DDA Auditor) को नियुक्ती तथा निजको पारिश्रमिकलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

४) यस संस्थाको नियमावलीको नियम २७ (३) मा भएको व्यवस्था बमोजिम संस्थापक सञ्चालकहरुको ४ वर्षको कार्यकाल समाप्त भई निर्वाचन गर्नु पर्ने अवस्था रहेको तथापि यस संस्था र समीट लघुवित्त वित्तीय संस्था लि. विच मर्जर सम्बन्धी प्रारम्भिक सम्झौता भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमती समेत प्राप्त गरी सकेको र बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने / गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन सम्बन्धी विनियमावली, २०७३ (पाँचौ संशोधन २०७९ सहित) को विनियम १३ (ढ) मा "यस विनियमावली बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाका सञ्चालकहरुको तोकिएको कार्यकाल समाप्त भई निर्वाचन गर्नुपर्ने अवस्था भएतापनि गाभिएर वा प्राप्ति

(एक्विजिशन) पश्चात प्रचलित कानून बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि सञ्चालक पदमा बहाल रहन छुट प्रदान गरिनेछ भन्ने व्यवस्थाको अधिनमा रहि यस संस्था र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड मर्जर भई पुनः निर्वाचन नभए सम्मको लागि हाल कायम संस्थापक सञ्चालकहरु बहाल रहने विशेष व्यवस्था सर्व सम्मतिल पारित गर्ने  निर्णय गरियो ।

| विशेष प्रस्ताव संग सम्वन्धित प्रबन्धपत्रमा संसोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| प्रबन्धपत्रको सम्वन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पूंजी रु.५८,६६,७४,९७३।५(अक्षरेपी अन्ठाउन्न करोड छैसठ्ठी लाख चौहत्तर हजार नौं सय त्रिहत्तर पैसा पचास मात्र हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु.१००/- दरका ५८,६६,७४९.७३ ( अन्ठाउन्न लाख छैसठ्ठी हजार सातसय उन्नपचास दशमलव सात तीन) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूंजी रु.६७,४६,७६,२१९।५२ (अक्षरेपीः सतसठ्ठी करोड छियालीस लाख छ्यहत्तर हजार दुई सय उन्नाइस पैसा बाउन्न मात्र ) हुने छ। सो पूंजीलाई प्रति शेयर रु.१०० दरका ६७,४६,७६२.१९ (सतसठ्ठी लाख छियालीस हजार सातसय बैसठ्ठी दशमलव एक नौ ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर वितरण गर्दा संस्थाको जारी पूंजी बृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ६ (ग) | वित्तीय संस्थाको चुक्ता पूंजी रु.५८,६६,७४,९७३।५(अक्षरेपीः अठाउन्न करोड छैसठ्ठी लाख चौहत्तर हजार नौं सय त्रिहत्तर पैसा पचास मात्र हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.६७,४६,७६,२१९।५२ (अक्षरेपीः सतसठ्ठी करोड छियालीस लाख छ्यहत्तर हजार दुई सय उन्नाइस पैसा बाउन्न मात्र ) हुने छ । | बोनश शेयर वितरण गर्दा संस्थाको चुक्ता पूंजी बृद्धि गर्न आवश्यक भएकोले । |

| विशेष प्रस्तावसंग सम्वन्धित नियमावलीमा संसोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| नियमावलीको सम्वन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
| नियम ३२ (१) (ख) | सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकहरुले पाउने प्रति बैंठक भत्ता क्रमश:रु.८,५००/ र रु. ८,०००/ हुनेछ र अध्यक्ष र अन्य सञ्चालकहरुको पत्रपत्रिका तथा सञ्चार खर्च वापत मासिक रु. ३,०००/ हुनेछ। | सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकहरुले पाउने प्रति बैंठक भत्ता क्रमश रु.१३,०००/ र रु.१२,०००/ हुनेछ र अध्यक्ष र अन्य सञ्चालकहरुको पत्रपत्रिका तथा सञ्चार खर्च वापत मासिक रु. ५,०००/ हुनेछ। | समय सापेक्ष सुहाउँदो दरमा बैठक भत्ता बृद्धि गर्नु पर्ने आवश्यक्ता भएकोले। |
| नियम ३२ (१) (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुने छ। | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक विविध खर्च तथा भ्रमण भत्ता देहाय बमोजिम हुने छ। | |
| | अ) स्वदेशमा दैनिक भत्ता रु.१,५००/ | अ) स्वदेशमा दैनिक विविध खर्च वापत रु.१,५००/उपलब्ब हुने र खाना तथा आवास खर्च वास्तविक विल अनुसार हुने। | समय सापेक्ष हुनेगरी दैनिक विविध खर्च संशोधन गर्न आवश्यक भएकोले। |
| | आ) भारतमा: दिल्ली, मुम्बै, कोलकत्ता, चेन्नई र अन्य प्रान्तीय राजधानीमा दैनिक भक्ता भारु २,०००/ र अन्य स्थानहरुमा दैनिक भत्ता भारु. १,५०० / | आ) भारतमा: दिल्ली, मुम्बै, कोलकत्ता, चेन्नई र अन्य प्रान्तीय राजधानीमा दैनिक विविध खर्च बापत भारु २,०००/ र अन्य स्थानहरुमा दैनिक विविध खर्च बापत भारु. १,५०० / र खाना तथा आवास खर्च वास्तविक विल अनुसार हुने। | समय सापेक्ष हुनेगरी दैनिक विविध खर्च संशोधन गर्न आवश्यक भएकोले। |

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस नवौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, संस्थाका सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षज्यूले दिउसो २:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..........................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०८०/०१/१५

केशवप्रसाद आचार्य
सञ्चालक समिति अध्यक्ष तथा सभाध्यक्ष
मिति २०८०/०१/१५